जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २९७ • २०८३ श्रावण ३१ गते आईतवार • 16 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल अघि बढाउन माग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० श्रावण**



मुक्त हरवाचरवा अधिकार मञ्चले मधेश प्रदेशमा हरवाचरवा समुदायको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण प्रक्रिया तत्काल अघि बढाउन प्रदेश सरकारसँग माग गरेको छ ।

मञ्चले भूमिहीन मुक्त हरवाचरवा परिवारको पहिचान गरी उनीहरूको दिगो पुनःस्थापना, भूमि अधिकार, सामाजिक सुरक्षा, रोजगारी तथा जीविकोपार्जन सुनिश्चित गर्न स्पष्ट नीति, बजेट र कार्ययोजना ल्याउन माग गरेको हो । मधेश प्रदेशका आठवटै जिल्लाका मुक्त हरवाचरवा अधिकार मञ्चका जिल्ला अध्यक्षहरूले हस्ताक्षर गरेको ध्यानाकर्षणपत्र भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेललाई बुझाउँदै माग सम्बोधनका लागि १० दिनको समय दिएका छन् । तोकिएको अवधिभित्र माग सम्बोधन नभए शान्तिपूर्ण तथा चरणबद्ध आन्दोलनमा जाने चेतावनीसमेत उनीहरूले दिएका छन् ।

मञ्चका अनुसार तत्कालीन सरकारले २०७९ साउन २ गते हरवाचरवा प्रथा अन्त्य गर्दै समुदायलाई मुक्त घोषणा गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । मुक्ति घोषणा भएको लामो समय बितिसक्दा पनि धेरै परिवार भूमिहीनता, गरिबी, असुरक्षित आवास, बेरोजगारी र सामाजिक सुरक्षाको अभावमा जीवन बिताउन बाध्य रहेको मञ्चको भनाइ छ । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायको पूर्ण मुक्ति, भूमि अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा मर्यादित जीविकोपार्जन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ । तर, प्रतिबद्धता कार्यान्वयनका लागि आवश्यक बजेट, कार्ययोजना, जिम्मेवार निकाय र समयसीमा स्पष्ट नगरिएको भन्दै मञ्चले असन्तुष्टि जनाएको छ । मञ्चले प्रदेशका आठवटै जिल्लाका स्थानीय तहसँग समन्वय गरी हरवाचरवा समुदायको वास्तविक तथ्याङ्क सङ्कलन तथा प्रमाणीकरण गर्न र परिचयपत्र वितरण सुरु गर्न माग गरेको छ । त्यसैगरी भूमिहीन परिवारको पहिचान गरी पुनःस्थापनाको स्पष्ट योजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने उसको माग छ ।

पुनःस्थापनासँगै भूमिमा पहुँच, सामाजिक सुरक्षा, रोजगारी र आयआर्जनका अवसर सुनिश्चित गर्नुपर्ने मञ्चको जोड छ । ज्ञापनपत्र बुझाएको सातदेखि १० दिनभित्र ठोस निर्णय, बजेट तथा कार्यान्वयन प्रक्रियासहित सरकारको धारणा सार्वजनिक गर्नसमेत उसले माग गरेको छ । माग पूरा नभए र्‍याली, धर्नालगायत आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने मञ्चका जिल्ला अध्यक्षहरूले बताएका छन् । आन्दोलन समुदायको नेतृत्व र सहभागितामा शान्तिपूर्ण तथा संविधानसम्मत हुने उनीहरूको भनाइ छ । ध्यानाकर्षणपत्र बुझ्दै मन्त्री पटेलले हरवाचरवा समुदायका मागप्रति प्रदेश सरकार गम्भीर रहेको बताएको मञ्चले जनाएको छ । उनले मुख्यमन्त्रीसँग समन्वय गरी तोकिएको अवधिभित्र माग सम्बोधनका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको बताइएको छ । मञ्चले सरकारी घोषणा र आश्वासनमा मात्र हरवाचरवा समुदायको मुक्ति सीमित हुन नहुने बताएको छ ।

पहिचान, भूमि अधिकार, पुनःस्थापना र सम्मानजनक जीवनयापनको व्यवहारिक सुनिश्चितता भएपछि मात्रै वास्तविक मुक्ति अनुभूति हुने भन्दै उसले प्रदेश सरकारलाई आफ्नै नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न आग्रह गरेको छ ।




## एन्टिबायोटिक औषधिको जथाभावी प्रयोग नियन्त्रण गर्न जनकपुरधाममा बृहत् सचेतना अभियान सुरु



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० श्रावण**

एन्टिबायोटिक औषधिको जथाभावी प्रयोग नियन्त्रण गर्न जनकपुरधाममा बृहत् सचेतना अभियान सुरु गरिएको छ । चिकित्सक तथा स्वास्थ्य क्षेत्रका अभियन्ताहरूले एन्टिबायोटिकको अनियन्त्रित प्रयोग बढ्दै गए यसले भविष्यमा सामान्य संक्रमणको उपचारसमेत चुनौतीपूर्ण बन्न सक्ने चेतावनी दिएका छन् ।

कल्किजम रिसर्च एन्ड ट्रेनिङ सेन्टर काठमाडौंले करिब एक वर्षअघि छलफल, गोष्ठी र प्रशिक्षणमार्फत सुरु गरेको अभियानमा मधेश प्रदेश सरकार, चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित विभिन्न संघसंस्थाको सहभागिता बढेसँगै अभियानलाई प्रदेशव्यापी रूपमा अघि बढाइएको हो । अभियान अन्तर्गत जनकपुरधाममा आयोजित कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले एन्टिबायोटिकको सही र जिम्मेवार प्रयोगबारे नागरिकमा चेतना फैलाउन सरकार, चिकित्सक, स्वास्थ्यकर्मी र नागरिक समाजबीच सहकार्य आवश्यक रहेको बताए । चिकित्सकहरूका अनुसार चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक सेवन गर्ने, चिकित्सकले तोकेको मात्रा र अवधि पूरा नगर्ने तथा आवश्यकताभन्दा बढी प्रयोग गर्ने प्रवृत्तिका कारण एन्टिबायोटिक रेसिस्टेन्स अर्थात् औषधि प्रतिरोधी क्षमता बढ्दै गएको छ । यस्तो अवस्था निरन्तर रहे भविष्यमा सामान्य संक्रमणका लागि प्रयोग हुने औषधिसमेत प्रभावहीन हुन सक्ने उनीहरूको भनाइ छ । 'रोज कुरा गर्नु, डाक्टरले भनेको डोज पूरा गर्नु' भन्ने नाराका साथ अघि बढाइएको अभियानमा मधेश प्रदेशका चिकित्सक, मेडिकल कलेजका विद्यार्थी, स्वास्थ्यकर्मी, प्रदेश सरकारका मन्त्री, स्वास्थ्य अभियन्ता तथा विभिन्न क्षेत्रका अगुवाहरू सहभागी भएका छन् । अभियान मार्फत चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक प्रयोग नगर्न, चिकित्सकले तोकेको मात्रा र अवधि पूरा गर्न तथा अनावश्यक रूपमा एन्टिबायोटिक सेवन नगर्न सर्वसाधारणलाई आग्रह गरिएको छ । स्वास्थ्य विज्ञहरूले एन्टिबायोटिकलाई सामान्य औषधिका रूपमा प्रयोग गर्ने प्रवृत्ति रोक्न सके मात्र यसको प्रभावकारिता दीर्घकालसम्म कायम राख्न सकिने भन्दै औषधिको प्रयोगमा नागरिकस्तरबाटै जिम्मेवारी अपनाउनुपर्नेमा जोड दिएका छन् ।




# नयाँ पुस्तासँगको सम्बाद जरुरी

नेपालको राजनीतिक र सामाजिक बहसमा बारम्बार सुनिन्छ- 'पुराना सबै गलत हुन्, पुराना दल सबै असफल हुन् ।' यो भनाइलाई केवल नयाँ पुस्ताको आक्रोश, असन्तुष्टि वा राजनीतिक अपरिपक्वताको परिणाम भनेर बुझ्नु पर्याप्त हुँदैन । यसको गहिराइमा पुग्ने हो भने समस्या पुस्ताबीचको दूरीमात्र होइन, संवादमा पनि समन्वयको अभाव रहेको देखिन्छ। पुराना मान्यता, संस्था, नेतृत्व र राजनीतिक दलमाथि प्रश्न उठाइरहेका छन । यो स्वाभाविकमात्र होइन, लोकतन्त्रको स्वस्थ लक्षण पनि रहेको देखिन्छ। तर, प्रश्न गर्ने पुस्तालाई विगतको कथा, संघर्ष र बलिदानसँग जोड्ने काम कति प्रभावकारी ढंगले गऱ्यौं ? पुर्खाले प्राप्त गरेको उपलब्धिको मूल्य नयाँ पुस्तालाई कति बुझाउन सक्यौं ? अनि सबैभन्दा महत्वपूर्ण प्रश्न- 'हामीले नयाँ पुस्तासँग संवाद गऱ्यौं कि उनीहरूलाई केवल उपदेश दियौं ?' इतिहास स्मरणको विषयमात्र नभई, चेतनाको आधार रहेको देखिन्छ। २००७ साललाई सम्झौं शताब्दीयौं पुरानो जहानियाँ राणाशासनको अन्त्य कुनै सामान्य राजनीतिक घटना थिएन । त्यो नागरिक स्वतन्त्रता, प्रजातन्त्र र राजनीतिक अधिकारका लागि भएको लामो संघर्षको परिणाम रहेका थिए। त्यस संघर्षमा बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई लगायतका नेताको योगदान रहेका थिए । चार जना सहिदको बलिदान रहेका थिए । अनगिन्ती ज्ञात-अज्ञात मानिसको त्याग र संघर्ष रहेका थिए ।

अब प्रश्न छ- समाधान के हो ? समाधान पुस्ताबीचको टकराव होइन, संवाद हो। नयाँ पुस्ताले पुरानो पुस्तालाई इतिहासको सम्मानसहित प्रश्न गर्नुपर्छ भने पुरानो पुस्ताले नयाँ पुस्ताका प्रश्नलाई असम्मान होइन, लोकतन्त्रको स्वाभाविक अभ्यासका रूपमा लिनुपर्ने देखिन्छ । राजनीतिक दलहरूले पनि इतिहासको ऋण वर्तमानमा तिर्नुपर्ने देखिन्छ। जनताको विश्वास भाषणबाट होइन, व्यवहारबाट मात्र फर्काउन आवश्यक रहेको देखिन्छ।

# विद्यार्थीहरूद्वारा सामाजिक सेवाअन्तर्गत जानकी वृद्धाश्रममा सरसफाइ तथा खाजा वितरण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० श्रावण**

जनकपुरधाम-१५ रामपुरस्थित रामपुर निःशुल्क शिक्षा केन्द्रका विद्यार्थीहरूले सामाजिक सेवा अन्तर्गत जानकी वृद्धाश्रममा सरसफाइ तथा खाजा वितरण कार्यक्रम सम्पन्न गरेका छन् ।

'सेवा नै धर्म' भन्ने नारासहित शनिबार बिहान वृद्धाश्रम पुगेका विद्यार्थीहरूले आश्रम परिसरको सरसफाइ गर्नुका साथै त्यहाँ रहेका वृद्धाहरूका लागि खाजा तयार गरी खुवाएका थिए। विद्यार्थीहरूले वृद्धाहरूलाई कपडासमेत



वितरण गरेका थिए। कार्यक्रमका क्रममा विद्यार्थीहरूले वृद्धाश्रममा रहेका आमाहरूसँग समय बिताउँदै उनीहरूको जीवनका अनुभव र अवस्थाबारे जानकारीसमेत लिएका थिए । सामाजिक सेवामार्फत वृद्धवृद्धाप्रति सम्मान र सहयोगको भावना विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको केन्द्रले जनाएको छ।

रामपुर निःशुल्क शिक्षा केन्द्रका संस्थापक ईश्वर दासले बालबालिकालाई औपचारिक शिक्षासँगै सामाजिक उत्तरदायित्व, मानवीय सेवा र संस्कारको ज्ञान दिन कार्यक्रम आयोजना गरिएको बताए। उनले पुस्तकमा सीमित ज्ञानभन्दा व्यवहारिक जीवनमा सेवा र सहयोगको भावना महत्वपूर्ण हुने भन्दै केन्द्रले विद्यार्थीमा सामाजिक जिम्मेवारीको भावना विकास गराउन यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए ।

वृद्धाश्रममा गरिएको सरसफाइ, खाजा वितरण र कपडा सहयोगले विद्यार्थीहरूमा ज्येष्ठ नागरिकप्रति सम्मान तथा सामाजिक सेवाप्रति सकारात्मक सोच विकास गर्न सहयोग पुगेको आयोजकको भनाइ छ।

# ब्रम्हर्षी समाजको नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० श्रावण**

ब्रम्हर्षी समाजको नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरिएको छ । समाजको अध्यक्षमा दीपेन्द्र कुमार ठाकुर चयन भएका छन् । नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा गोविन्द राय चन्दन र शत्रुध्न ठाकुर, महासचिवमा रवीन्द्र कुमार चौधरी, कोषाध्यक्षमा परमानन्द शर्मा तथा सचिवमा दीपक मिश्र चयन भएका हुन् ।

त्यस्तै, सदस्यहरूमा विभा पाण्डेय, सरिता शर्मा, अमर कुमार पाण्डेय, नवीन पाण्डेय, रुपेश ठाकुर, अनिल पाण्डेय, जय नन्दन पाण्डेय र सुमन ठाकुर रहेका छन् । समाजको नयाँ कार्यसमिति चयनसँगै संस्थाको नयाँ भवनसमेत उद्घाटन गरिएको छ। उद्घाटन तथा नयाँ कार्यसमिति घोषणा कार्यक्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री जितेन्द्र प्रसाद सोनल, पूर्वमन्त्री रामसरोज यादव, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीलगायतको सहभागिता रहेको थियो ।




नवनिर्वाचित पदाधिकारीहरूले ब्रम्हर्षी समाजलाई थप व्यवस्थित र सुदृढ बनाउँदै सामाजिक एकता, संस्थागत विकास तथा समुदायको हितका क्षेत्रमा सक्रिय रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। नयाँ कार्यसमितिबाट समाजको सामाजिक तथा संस्थागत गतिविधिलाई थप प्रभावकारी बनाउने विश्वास गरिएको छ ।





अनुरोधकर्ता
लक्ष्मिनियाँ गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश


## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: अनावश्यक खर्चको संभावना
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: पिछडेको साथी मिल्न
सिंह: अनावश्यक चिन्ता
कन्या: मनमा पछुतो आउने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: आम्दानी हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: खानपानमा समस्या आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# विपदका बेला हुने लैङ्गिक हिंसा न्यूनीकरणमा सरोकारवालाको जोड



**ओम प्रकाश साह**
**जनकपुरधाम, ३० श्रावण**

जनकपुरधाममा विपदका समयमा हुने लैङ्गिक हिंसा, न्यायमा पहुँच तथा जोखिममा रहेका समुदायको संरक्षणका विषयमा सरोकारवाला बीच छलफल कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय प्रकोप व्यवस्थापन सञ्जाल, नेपाल र University of the Fraser Valley Canada को संयुक्त आयोजनामा तथा सानभि एजुकेशन डेभलपमेन्ट एन्ड रिसर्च कम्पनीको प्राविधिक सहयोगमा कार्यक्रम आयोजना गरिएको हो ।

जनकपुरधामको शिव चोक स्थित होटल सिटी स्टारमा आयोजित कार्यक्रममा विपद्का समयमा महिला तथा अन्य जोखिममा रहेका समुदायले भोग्नुपर्ने लैङ्गिक हिंसा, न्यायमा पहुँच र प्रभावकारी विपद् व्यवस्थापनका विषयमा छलफल गरिएको थियो। कार्यक्रममा प्राकृतिक प्रकोपबाट प्रभावित महिलाहरूका जीवन्त अनुभवमा आधारित अनुसन्धानका निष्कर्ष तथा विपद्का समयमा हुने लैङ्गिक हिंसा न्यूनीकरणका उपाय बारे सहभागीहरूले धारणा राखेका थिए। त्यसैगरी 'सांस्कृतिक सन्दर्भ र प्रमाणमा आधारित न्यायिक न्याय' विषयमा समेत सरोकारवालाबीच अन्तरक्रिया गरिएको थियो ।

कार्यक्रममा राष्ट्रिय प्रकोप व्यवस्थापन सञ्जाल, नेपालका अध्यक्ष सूर्यबहादुर थापाले विपद् व्यवस्थापनलाई लैङ्गिक संवेदनशील बनाउनुपर्ने आवश्यकता औँल्याउनु भयो। विपद्का बेला महिला तथा जोखिममा रहेका समुदाय थप असुरक्षित बन्न सक्ने भएकाले राहत, उद्धार देखि न्याय र पुनःस्थापना सम्मका सबै प्रक्रियामा उनीहरूको सुरक्षा सुनिश्चित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सानभि एजुकेशन डेभलपमेन्ट एन्ड रिसर्च कम्पनीका कार्यकारी निर्देशक सन्तोष बुढाथोकीले अनुसन्धानबाट प्राप्त तथ्य र प्रभावित समुदायका अनुभवलाई नीति निर्माण तथा व्यवहारमा जोड्नुपर्ने बताउनुभयो । प्रमाणमा आधारित अध्ययनले विपद्का समयमा हुने लैङ्गिक हिंसा रोकथामका लागि प्रभावकारी रणनीति बनाउन सहयोग पुग्ने उहाँको भनाइ थियो ।

गैरसरकारी संस्था महासंघका केन्द्रीय सचिव रामचन्द्र साहलगायत सहभागीहरूले विपद्का समयमा राज्यका निकाय, स्थानीय तह, नागरिक समाज तथा गैरसरकारी संस्थाबीच प्रभावकारी समन्वय आवश्यक रहेको धारणा राखेका थिए । सहभागीहरूले विपद्का समयमा हुने लैङ्गिक हिंसा रोकथाम, पीडितको न्यायमा पहुँच, सुरक्षित राहत तथा पुनःस्थापना र जोखिममा रहेका समुदायको संरक्षणका लागि स्थानीय तहदेखि सरोकारवाला निकाय सम्मको समन्वय लाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी संस्था, सामाजिक क्षेत्र, विपद् व्यवस्थापन र न्यायसँग सम्बन्धित सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

# फलफूल बजारका लागि गुठीको जग्गा, व्यवसायी संघसँग २० वर्षे सम्झौता



**ओपी साह**
**जनकपुरधाम, ३० श्रावण**

जनकपुरधाममा व्यवस्थित फलफूल बजार सञ्चालनका लागि गुठी संस्थानले जग्गा उपलब्ध गराउने सम्बन्धमा जनकपुर फलफूल तथा तरकारी व्यवसायी संघसँग २० वर्षे सम्झौता गरेको छ ।

शुक्रबार गुठी संस्थान केन्द्रीय कार्यालयका प्रशासक र जनकपुरधाम फलफूल तथा तरकारी व्यवसायी संघका अध्यक्ष विशेश्वर यादव बीच सम्झौतामा हस्ताक्षर भएको हो ।

सम्झौता अनुसार जनकपुरधाम उपमहानगरपालिका -१२, कुवा रामपुरमा रहेको गुठीको २ बिघा २ कठ्ठा २ धुर जग्गा फलफूल बजार सञ्चालनका लागि २० वर्षका लागि उपलब्ध गराइएको छ । उक्त जग्गाको वार्षिक भाडा ११ लाख ५५ हजार ५६५ रुपैयाँ कायम गरिएको छ। सम्झौताअनुसार संघले सोही जग्गामा व्यवस्थित फलफूल बजार सञ्चालन गर्नेछ ।

सम्झौताबारे जनकपुर फलफूल तथा तरकारी व्यवसायी संघका सल्लाहकार नवीन शाहले जानकारी दिएका हुन् । उनका अनुसार बजार सञ्चालनमा आएपछि हाल विभिन्न स्थानमा छरिएर भइरहेको फलफूल तथा तरकारीको व्यापारलाई व्यवस्थित गर्न सहयोग पुग्नेछ ।

नयाँ बजारमा व्यवसायीका लागि आवश्यक पूर्वाधार तथा उपभोक्तालाई सहज हुने व्यवस्था मिलाउने संघको तयारी छ । व्यवस्थित बजार सञ्चालन भएपछि व्यापारिक गतिविधि नियमन गर्न तथा बजार क्षेत्रमा हुने अव्यवस्था कम गर्नसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

फलफूल तथा तरकारी व्यवसायी संघले बजार सञ्चालनसँगै व्यवसायी र उपभोक्ता दुवैको हितलाई ध्यानमा राखेर आवश्यक व्यवस्थापन गर्ने जनाएको छ। कुवा रामपुरमा नयाँ बजार सञ्चालनमा आएपछि जनकपुरधामको फलफूल तथा तरकारी व्यापार थप व्यवस्थित हुने, व्यवसायीलाई व्यापार गर्न सहज हुने र उपभोक्ताले पनि एउटै स्थानबाट आवश्यक सामग्री खरिद गर्न पाउने अपेक्षा गरिएको छ ।



अनुरोधकर्ता
मनरासिस्वा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
जलेश्वर नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
बलवा नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# घट्दो अनुदान, बढ्दो ऋण

-अल्पविकसित मुलुकबाट विकासशील राष्ट्रमा हुने भनिएको स्तरोन्नतिलाई सन् २०२९ नोभेम्बरसम्मका लागि सार्ने निर्णयले नेपाललाई संरचनागत आर्थिक रूपान्तरणको तयारीका लागि केही वर्षको समय उपलब्ध भएको छ। तर, यो आफैंमा कुनै जादुगरी समाधान होइन। भविष्यमा कटौती हुने अन्तर्राष्ट्रिय सहुलियत, विश्व बजारमा प्राप्त व्यापारिक प्राथमिकताको अन्त्य र थपिने वित्तीय दायित्वको कालो बादल झनै बाक्लिँदै छ।

एउटा कालखण्ड थियो, जहाँ नेपालका ठूला पूर्वाधार, स्वास्थ्य र शिक्षाका रणनीतिक कार्यक्रमहरू निःसर्त विदेशी अनुदानबाट सञ्चालन हुन्थे। तर, पछिल्लो दशकमा यो स्थिति फेरिएको छ। अनुदानको हिस्सा निरन्तर खुम्चिँदै जाँदा सहुलियतपूर्ण तथा व्यावसायिक ऋणको भार बढ्दो छ। राजनीतिक अर्थशास्त्रको दृष्टिकोणबाट हेर्दा, यो केवल वित्तीय स्रोतको प्राविधिक हेरफेर मात्र होइन, पुँजी निर्माणको दायित्वमा आएको आधारभूत परिवर्तन हो। यथार्थ के हो भने, अनुदानको युग आफैं सकिएको होइन, हाम्रो परनिर्भरता, कमजोर डेलिभरी क्षमता र सधैं दातृ निकायको मुख ताक्ने संस्कारले हामीले नै त्यसलाई सकिसकेका छौं। तर यो परिवर्तन केवल नेपालको कथा होइन। अन्तर्राष्ट्रिय सहायता प्रणालीमै आएको संरचनागत परिवर्तन र नेपालको आफ्नै आर्थिक तथा संस्थागत कमजोरी एकअर्कासँग गाँसिँदा अनुदानबाट ऋणतर्फको संक्रमण तीव्र बनेको हो। विश्वव्यापी भूराजनीतिक प्राथमिकतामा आएको तीव्र बदलाव र दातृ निकायहरूको आन्तरिक बजेट कटौतीका कारण अन्तर्राष्ट्रिय वैदेशिक सहायता प्रणाली यति बेला नराम्ररी खण्डित बन्दै गइरहेको छ। शीतयुद्धपछिको नवउदारवादी अन्तर्राष्ट्रिय व्यवस्थाले वैदेशिक सहायतालाई विश्वव्यापी विकास र 'सफ्ट पावर' विस्तारको प्रमुख साधन मानेको थियो। तर, पछिल्लो समय युक्रेन युद्ध, मध्यपूर्वको तनाव र विश्वव्यापी रूपमा उदाएको नवसंरक्षणवादसँगै अमेरिका, बेलायतजस्ता परम्परागत दातृ मुलुकहरूले आफ्नो स्रोत विकास सहायताबाट झिकेर रक्षा र सैन्य सुदृढीकरणतर्फ खन्याउन थालेका छन्। स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट (सिप्री) को तथ्यांकअनुसार विश्वव्यापी रक्षा खर्च लगातार बढ्दो क्रममा छ र यो इतिहासकै उच्च विन्दु अर्थात् करिब २.८९ ट्रिलियन डलरको हाराहारीमा पुगिसकेको छ।

आजको बहुध्रुवीय विश्वमा सहायता अब परोपकार रहेन, विशुद्ध भूराजनीतिक र सामरिक हतियारमा रूपान्तरण भएको छ। वीरेन्द्रप्रसाद पराजुलीद्वारा 'रिसर्च नेपाल जर्नल अफ डेभलपमेन्ट स्टडिज' (२०२५) मा प्रकाशित शोधअनुसार, एलडीसी स्तरोन्नति, दाताहरूको अनुदानप्रतिको अनिच्छा, पूर्वाधारको बढ्दो आवश्यकता र भारत-चीनबीचको भूराजनीतिक प्रतिस्पर्धाले अनुदानबाट ऋणतर्फको यो संरचनागत रूपान्तरण भइरहेको हो। यसका साथै, एसियाली पूर्वाधार लगानी बैंक र ब्रिक्सजस्ता उदीयमान दातृ निकायहरूले ऋणमा आधारित सहायतालाई प्राथमिकता दिने हुनाले साना अर्थतन्त्रले बिनासर्तको अनुदान पाउने युग लगभग समाप्त भएको छ। त्यसैबीच, आर्थिक सहयोग तथा विकास संगठनले समेत पछिल्ला वर्षहरूमा धेरै परम्परागत दातृ मुलुकहरूले आफ्नो विकास सहायता बजेट कटौती गरेको देखाएको छ। यसले विकासशील मुलुकहरूबीच सीमित अनुदानका लागि प्रतिस्पर्धा अझ तीव्र बनाएको छ। बाह्य अनिश्चितता मात्र होइन, नेपाली समाजभित्रै पनि वैदेशिक अनुदानप्रतिको जनविश्वास निरन्तर स्खलित हुँदै गएको छ। दशकौंसम्म भित्रिएको वैदेशिक अनुदानले राज्यको वास्तविक संस्थागत क्षमता र औद्योगिक आधार निर्माण गर्नुको साटो एउटा 'परजीवी वर्ग' को सिर्जना गर्‍यो। यसको ज्वलन्त प्रमाण महालेखा परीक्षकका वार्षिक प्रतिवेदनहरू र विभिन्न स्वतन्त्र अनुसन्धानहरूले पटक-पटक औंल्याएका छन्। प्राविधिक सहायताका नाममा आउने अनुदानको ठूलो हिस्सा लक्षित वर्गसम्म पुग्नुको साटो दातृ निकायकै देशका महँगा परामर्शदाताहरूको पारिश्रमिक, तारे होटलका गोष्ठी, विदेश भ्रमण र विलासी सवारीसाधन खरिदमै सकिने गरेको छ।

यसले दीर्घकालीन संस्थागत सुधारभन्दा पनि छोटो अवधिको परियोजनामुखी संस्कृति र सीमित सम्भ्रान्त वर्गलाई पोस्ने 'परामर्शदाता अर्थतन्त्र' लाई मात्र मलजल गरेको छ। स्वदेशी जनशक्ति र विश्वविद्यालयहरू अनुसन्धानमा पछाडि पर्ने तर विदेशी परामर्शदाताले नेपालको विकासको खाका कोर्ने विडम्बनापूर्ण अवस्थाले हाम्रो बौद्धिक र प्रशासनिक क्षमतालाई भुत्ते बनाउँदै लगेको छ।

निःसन्देह, वैदेशिक सहायताबाट स्वास्थ्य, शिक्षा, खोप, सामुदायिक विकास र विपद् व्यवस्थापनका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि पनि हासिल भएका छन्। तर ती उपलब्धिलाई दीर्घकालीन राष्ट्रिय संस्थागत क्षमतामा रूपान्तरण गर्न नसक्नु नै नेपालको सबैभन्दा ठूलो कमजोरी रह्यो। प्रत्येक परियोजनाले आफ्नै प्रतिवेदन, आफ्नै अनुगमन प्रणाली र आफ्नै खरिद प्रक्रिया बोकेर आउँदा राज्यको संस्थागत क्षमता सुदृढ हुनुको साटो उल्टै कमजोर बन्दै गएको छ। विकास प्रशासनमा हाबी भएको यस प्रवृत्तिले राज्यको प्रणालीलाई बलियो बनाउनुको साटो झनै खण्डित बनाएको छ। नेपालको वैदेशिक सहायता र सार्वजनिक ऋणसम्बन्धी बहस प्रायः हामीले कति ऋण लियौं वा प्रतिव्यक्ति ऋणको भार कति पुग्यो भन्ने सतही तथ्यांकमा मात्र सीमित हुने गरेको छ। तर, ऋणले आन्तरिक उत्पादन क्षमता बढायो कि बढाएन भन्ने गम्भीर प्रश्न सधैं ओझेलमा पर्ने गरेको छ। अर्थ मन्त्रालयको 'विकास सहायता प्रतिवेदन २०२४/२५' ले हाम्रो संरचनागत संकटको स्पष्ट तस्बिर देखाउँछ। गत वर्ष हस्ताक्षर भएका ३३ वटा नयाँ वित्तीय सम्झौताको कुल १.९८ अर्ब डलरमध्ये ७९.१ प्रतिशत ऋणमा आधारित छ भने अनुदानको हिस्सा केवल २०.९ प्रतिशतमा खुम्चिएको छ।

हाम्रो समष्टिगत आर्थिक यथार्थ झनै जोखिमपूर्ण छ। कुल सार्वजनिक ऋण झन्डै ३० खर्ब अर्थात् कुल गार्हस्थ्य उत्पादनको ४५ प्रतिशतभन्दा माथि पुगिसकेको छ। अझ डरलाग्दो विषय त के छ भने, एकै वर्षमा थपिएको करिब ३ खर्ब ऋणमध्ये १ खर्ब ६७ अर्ब रुपैयाँ त केवल डलरलगायत विदेशी मुद्राको मूल्य बढेका कारण सिर्जना भएको अतिरिक्त दायित्व हो। नेपाली मुद्रा कमजोर हुँदा हामीले नलिएको ऋणको भार र विनिमय दरको जोखिम पनि राज्यको ढुकुटीले बोक्नु परिरहेको छ। एकातिर राजस्व संकलनको वृद्धिदर निरन्तर खुम्चिँदै गएको छ। अर्कोतिर, गत आर्थिक वर्षको कुल राजस्वको करिब ३३ प्रतिशत हिस्सा ऋणको साँवा-ब्याज तिर्नमै खर्च गर्नुपर्ने बाध्यात्मक अवस्था छ। यसले सरकारको पुँजीगत लगानी गर्ने सामर्थ्यमा गम्भीर संकुचन ल्याएको छ। डा. डिल्लीराज खनालद्वारा 'एक्सनएड इन्टरनेसनल नेपाल' का लागि तयार पारिएको 'वैदेशिक सहायता प्रभावकारिताको मूल्यांकन' (२०२३)' प्रतिवेदनले वैदेशिक सहायताले आन्तरिक बचतलाई उल्लेखनीय रूपमा प्रोत्साहन गर्न नसकेको र सरकारी लगानी तथा समग्र आर्थिक वृद्धिबीच कुनै बलियो सम्बन्ध स्थापित हुन नसकेको देखाएको छ। सीमित स्रोतका बाबजुद ठूलो आकारको बजेट ल्याउने दबाब र राजस्व परिचालनमा आएको शिथिलताले गर्दा कर्मचारीको तलबभत्ता र पुरानो ऋणको साँवा-ब्याज तिर्नकै लागि थप ऋण लिनुपर्ने दुश्चक्र सुरु भएको छ। अनुत्पादक क्षेत्रमा ऋण थपिँदै जाँदा, भविष्यमा स्वास्थ्य र शिक्षाजस्ता




अत्यावश्यक सामाजिक क्षेत्रको बजेट निर्मम ढंगले कटौती गर्नुपर्ने जोखिम बढेको छ, जसले मानव विकासका उपलब्धिहरूलाई कमजोर बनाउन सक्ने चेतावनी पराजुलीको अध्ययनले दिएको छ। नेपालमा सहायता रकम स-साना अनगिन्ती परियोजनामा छरिएको छ। दर्जनौं सरकारी निकाय र विकास साझेदारहरूबीच आवश्यक समन्वय नहुँदा सहायताको वास्तविक प्रभाव देखिन सकेको छैन।

प्रत्येक परियोजनाले आफ्नै प्रतिवेदन, आफ्नै अनुगमन प्रणाली र आफ्नै खरिद प्रक्रिया बोकेर आउँदा राज्यको संस्थागत क्षमता सुदृढ हुनुको साटो उल्टै कमजोर बन्दै गएको छ। विकास प्रशासनमा हाबी भएको यस प्रवृत्तिले राज्यको प्रणालीलाई बलियो बनाउनुको साटो झनै खण्डित बनाएको छ। त्यसमाथि, स्रोत वितरणमा गम्भीर भौगोलिक असन्तुलन छ। देशको सबैभन्दा कम बहुआयामिक गरिबी सूचकांक भएको बागमती प्रदेशले गत आर्थिक वर्षमा सबैभन्दा धेरै ११५.१ मिलियन डलर वैदेशिक सहायता प्राप्त गर्‍यो। यसको ठीक विपरीत, उच्चतम गरिबी दर भएको कर्णाली प्रदेशले केवल १६ मिलियन डलर मात्र प्राप्त गर्‍यो।

साभार : कान्तिपुर।


## विज्ञापन दर सम्बन्धी सूचना

जलेश्वर टुडे राष्ट्रिय दैनिक पत्रिकाले आर्थिक वर्ष २०८३/०८४ को लागि तपसिल बमोजिमको अधिकतम विज्ञापन दर रेट (भ्याट बाहेक) कायम गरेको व्योहोरा सर्वसाधारण तथा सरोकारवालाहरुलाई जानकारी गराईन्छ।

तपसिल

| Page` | Size | Amount in B/W | Amount in Color |
|---|---|---|---|
| Middle (2/3) Page | Per CC | Rs.2750/- | Rs. 5500/- |
| Back (4) Page | Per CC | + 20 % | + 20 % |
| First (1) Page | Per CC | + 30 % | + 30 % |

सम्पर्क :– जनकपुरधाम–४,क्याम्पस चौक,धनुषा,मधेस प्रदेश,,नेपाल
सम्पर्क मोबाइल :– ९८४४०२७९७१,९८२४८७७६२७(ह्वाट्स एप)
ईमेल :– jaleshwortoday@gmail.com
वेबसाइट :– www.jaleshwortoday.com(Online)



"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
औरही गाउँपालिकाको कार्यालय, धनुषा


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday